Changupatra Weekly

# चाँगुपत्र


साप्ताहिक

द.नं.: ०४५/०७५/०७६, जि.प्र.का. भक्तपुर

वर्ष: ७, अङ्कः २ ◆ नेसं. ११४६ बछलागा तृतीया ◆ वि.सं. २०८३ वैशाख २१ गते, सोमबार ◆ 4th May, 2026 ◆ पृष्ठ ६ ◆ सहयोग रू. १५




# भक्तपुरमा बढ्दो पर्ती जग्गा अतिक्रमण




भक्तपुर । उपत्यकाको ऐतिहासिक, सांस्कृतिक र शहरी पहिचान बोकेको भक्तपुरमा सार्वजनिक तथा पर्ती जग्गा अतिक्रमणको समस्या पुरानै हो । तर पछिल्ला केही वर्षयता यसको स्वरूप मात्र होइन, गति र संरचना समेत परिवर्तन भएको देखिन्छ । अब यो समस्या 'बसोबासको आवश्यकता' वा 'आवास संकट'को परिणामका साथै राजनीतिक पहुँच, बिचौलिया सञ्जाल र अव्यवस्थित शहरी विस्तारको संगठित संयोजन जस्तो देखिन थालेको छ ।

खोजी क्रममा विशेषगरी चाँगुनारायण नगरपालिकामा देखिएको प्रवृत्तिले यो समस्या एक वडामा सीमित नभई जिल्लाभर फैलिँदै गएको संकेत गर्छ । वडा नं. १ देखि ९ सम्मका विभिन्न स्थानमा सरकारी तथा पर्ती जग्गा अतिक्रमण भएको गुनासो स्थानीय तहदेखि प्रशासनिक निकायसम्म पुगिसकेको छ । यत्ति भैसक्दा पनि यसको एकीकृत तथ्यांक आजसम्म कुनै निकायसँग छैन ।

जिल्ला प्रशासन कार्यालय भक्तपुर, मालपोत कार्यालय, नापी कार्यालय तथा स्थानीय तहहरूसँगको छलफलमा एउटै जवाफ दोहोरिने गरेको छ : उनीहरूको साझा र रेडिमेड जवाफ आउँछ : 'अतिक्रमण सम्बन्धी एकीकृत तथ्यांक छैन ।' ती निकायहरू एकले अर्को निकायलाई पन्छाउने गर्छन् ।

**सूर्यविनायक नगरपालिका**
अवैध प्लटिङ, वन क्षेत्र अतिक्रमण, नयाँ बस्ती विस्तारको नाममा जमिन अतिक्रमण

**मध्यपुर थिमी नगरपालिका**
नदी किनार, खोल्साखोल्सी तथा गुठी जग्गा कब्जा

**भक्तपुर नगरपालिका**
साना खुला सार्वजनिक क्षेत्र क्रमशः हराउँदै

**चाँगुनारायण नगरपालिका**
पर्ती जग्गा कब्जा, अस्थायी संरचना विस्तार दोब्बर, अवैध प्लटिङ

यसबीच जिल्ला मालपोत कार्यालय भक्तपुरमा उपलब्ध अभिलेखले समस्या सानो नभएको संकेत गर्छ। अभिलेख अनुसार जिल्लाभर करिब ६ हजार ३१५ कित्तामा फैलिएको ६७ हजार ७३० रोपनी ७ आना १ पैसा १ दाम सरकारी तथा सार्वजनिक जग्गा रहेको छ। त्यसमध्ये करिब ९५० कित्ता (६६ रोपनी ५ आना) सरकारी नाममा दर्ता छ । तर यीमध्ये कति जग्गा सुरक्षित छन् र कति अतिक्रमणको चपेटामा परेका छन् भन्ने स्पष्ट विवरण छैन । यही अस्पष्टता नै अहिले अतिक्रमणकर्ताका लागि सबैभन्दा सहज बनेको छ।

**अतिक्रमणको बदलिँदो ढाँचा : 'पहिले बसोबास, पछि वैधता'**

*(बाँकी पृष्ठ ६ मा...)*

## खरीपाटीमा सुकुम्बासीलाई अस्थायी आवास स्थल



भक्तपुर । उपत्यकाभित्रका सुकुम्वासी तथा अव्यवस्थित बसोबासमा रहेका परिवारलाई व्यवस्थापन गर्ने क्रममा सरकारले भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्रमा अस्थायी रूपमा राख्न सुरु गरेको छ।

भूमिहीन, अव्यवस्थित बसोबासमा रहेका तथा नदी किनार र जोखिमयुक्त क्षेत्रमा बसोबास गर्दै आएका परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने उद्देश्यसहित उक्त व्यवस्था गरिएको सम्बन्धित निकायले जनाएको छ।

खरिपाटीस्थित नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्रलाई अस्थायी आवास व्यवस्थापन स्थलका रूपमा प्रयोग गर्न थालिएको हो। प्रारम्भिक चरणमा केही परिवारलाई स्थानान्तरण गरिएसँगै थप परिवारहरूलाई पनि क्रमशः राख्ने तयारी भइरहेको छ।

स्थानीय प्रशासनका अनुसार उपत्यकाका विभिन्न स्थान–विशेषगरी नदी किनार, सार्वजनिक जग्गा तथा जोखिमयुक्त क्षेत्रबाट हटाइएका वा स्थानान्तरणमा परेका परिवारलाई सुरक्षित बसोबासका लागि अस्थायी रूपमा यहाँ राखिएको हो।

एक अधिकारीका अनुसार, 'यो दीर्घकालीन बसोबासको व्यवस्था होइन। अस्थायी रूपमा

*(बाँकी पृष्ठ ५ मा...)*







## गहुँ काट्ने चटारोमा किसान



भक्तपुर । उपत्यकाको ऐतिहासिक सहर भक्तपुरमा यतिबेला किसानहरू गहुँ काट्ने चटारोमा व्यस्त छन् । चैत-वैशाखको अन्त्यदेखि जेठसम्म चल्ने गहुँ कटाइ अहिले जिल्लाका अधिकांश खेतबारीमा तीव्र रूपमा भइरहेको छ।

कृषि ज्ञान केन्द्र तथा विभिन्न कृषि तथ्यांक अनुसार भक्तपुर जिल्लामा करिब १,२०० देखि १,५०० हेक्टर खेतीयोग्य जमिनमा गहुँ खेती हुने अनुमान गरिएको


*(बाँकी पृष्ठ ५ मा...)*

# ताथलीमा शिव महापुराण एकादश दिवसीय ज्ञान महायज्ञ सुरु

भक्तपुर । चाँगुनारायण नगरपालिका वडा नं. ९ स्थित भगवती विन्ध्यवाशिनी मन्दिर परिसर, खड्का टोल हाईटमा श्रीमद् शिव महापुराण एकादश दिवसीय ज्ञान महायज्ञ-२०८३ सुरु भएको छ । निर्माणाधीन शर्वेश्वर शिव मन्दिरको निर्माण तथा धार्मिक आस्थालाई सुदृढ बनाउने उद्देश्यसहित उक्त महायज्ञ सुरु गरिएको हो ।

महायज्ञ २०८३ साल वैशाख २० गते आइतबारदेखि जेठ १ गते शुक्रबारसम्म सञ्चालन हुनेछ । कार्यक्रममा प्रखर वाचक पण्डित श्री नारायण शरण काफ्लेको मुखारविन्दबाट श्रीमद् शिव महापुराण कथा वाचन भइरहेको छ ।

आयोजक श्रीमद् शिव महापुराण ज्ञान महायज्ञ मूल समारोह समितिका संयोजक श्रीकण्ठ खड्काका अनुसार धार्मिक संस्कार संरक्षण, आध्यात्मिक चेतना अभिवृद्धि र मन्दिर निर्माणार्थ आवश्यक सहयोग जुटाउने उद्देश्यले महायज्ञ सुरु गरिएको हो ।




महायज्ञ अवधिभर दैनिक बिहान ६ बजेदेखि पूजापाठ, बिहान ७:३० बजेदेखि पाठ पारायण, दिउँसो ११:३० बजेदेखि ४:३० बजेसम्म संगीतमय कथा प्रवचन तथा बेलुकी ७:३० बजेदेखि १०:३० बजेसम्म महात्म्य कथा, भजन-कीर्तन र धार्मिक झाँकी सञ्चालन हुने आयोजकले जनाएको छ ।

त्यसैगरी, दैनिक रूपमा विद्वान गुरुजनबाट होम, वेद-रुद्री-चण्डी पाठ तथा देवीदेवताहरूको प्राण प्रतिष्ठा कार्य पनि भइरहेको छ । सम्पूर्ण कार्यक्रमको प्रत्यक्ष प्रसारण दर्शन युट्युब च्यानलमार्फत समेत भइरहेको छ । महायज्ञमा राष्ट्रिय कलाकार हरूको भजन, कीर्तन तथा धार्मिक लीलाहरू प्रस्तुत भइरहेका छन् । आयोजक समितिले सम्पूर्ण श्रद्धालु भक्तजन, स्थानीयवासी तथा धर्मप्रेमी महानुभावहरूलाई सहभागी भई कथा श्रवण तथा शर्वेश्वर महादेव मन्दिर निर्माणार्थ यथाशक्ति दान गरी पुण्यार्जन गर्न हार्दिक अनुरोध गरेको छ ।


















# नमूना केन्द्रहरूको अवलोकन भ्रमण सम्पन्न

० नबराज काफ्ले

काठमाडौं उपत्यकाका तीन प्रमुख नगरपालिकाहरू– शंखरापुर, कागेश्वरी मनोहरा र चाँगुनारायणले दिगो फोहोर व्यवस्थापन र वातावरणीय संरक्षणको क्षेत्रमा नयाँ पहलकदमी सुरु गरेका छन् । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को सहकार्यमा सञ्चालित "कृषि-खाद्य प्रणालीका लागि नवीकरणीय ऊर्जा (RERAS)" परियोजना अन्तर्गत यी नगरपालिकाहरूले 'चक्रीय अर्थतन्त्र र हरित रूपान्तरण' लाई आफ्नो मुख्य प्राथमिकतामा राखेका छन् ।

यसै सन्दर्भमा, तीनै नगरपालिकाका प्रतिनिधिहरू सम्मिलित 'चक्रीय अर्थतन्त्रमा आधारित समिति' का



सदस्यहरूले उपत्यकाभित्रका विभिन्न नमूना प्रशोधन केन्द्र र चक्रीय अर्थतन्त्रमा अभ्यस्त संस्थाहरूको विशेष अवलोकन भ्रमण गरेका छन् । "ब्लु वेष्ट टु भ्यालु" प्रा.लि. को प्राविधिक समन्वयमा आयोजित उक्त भ्रमणको मुख्य उद्देश्य फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी त्यसलाई पुनः प्रयोग र पुनः चक्रण (Recycle) मार्फत आर्थिक लाभमा बदल्ने आधुनिक विधिहरूको प्रत्यक्ष अवलोकन गरेको विषयमा चाँगुनारायण नगरपालिका कार्यालय, वातावरण शाखा प्रमुख सोम प्रसाद प्रधानले जानकारी गराए । भ्रमणका क्रममा प्रतिनिधिहरूले फोहोरबाट ऊर्जा उत्पादन गर्ने प्रविधि, प्राङ्गारिक मल बनाउने प्रक्रिया र खेर जाने वस्तुहरूलाई कसरी नयाँ स्वरूप दिएर बजारमा लैजान सकिन्छ भन्ने विषयमा गहिरो अध्ययन गरेका थिए। नगरपालिकाका सदस्यहरूले यस भ्रमणबाट सिकेका सीप र प्रविधिलाई आ-आफ्नो पालिकामा लागू गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने र वातावरणलाई स्वच्छ राख्ने प्रतिबद्धता जनाएका छन् ।

"अन्तर-नगरपालिका बीचको यो समन्वयले हरित विकासको लक्ष्य हासिल गर्न ठूलो मद्दत पुग्नेछ," भ्रमणमा सहभागी एक प्रतिनिधि नबराज काफ्लेले बताए । सहभागीहरूले विभिन्न सफल अभ्यासमा कृयाशिल संघसंस्थाहरुको भ्रमण गरेका थिए ।

यो पहलले परम्परागत फोहोर व्यवस्थापन प्रणालीलाई विस्थापित गर्दै आधुनिक, प्रविधिमैत्री र दिगो चक्रीय अर्थतन्त्रको दिशामा उपत्यकाका नगरपालिकाहरूलाई अगाडि बढाउने विश्वास गरिएको छ ।

## वागीश्वरीमा क्षमता अभिवृद्धि तालिम सम्पन्न

भक्तपुर । वागीश्वरी कलेज, तुमचो कमलविनायकको आयोजनामा तीन दिने Training on Enhancing Teaching Excellence: Effective PPT Design and AI Integration for Faculty" विषयक तालिम सम्पन्न भएको छ । कलेज व्यवस्थापन समितिका उपाध्यक्ष मोहनप्रसाद प्रजापतिको प्रमुख उपस्थितिमा भएको उक्त तालिमको उद्घाटन कार्यक्रममा विश्वविद्यालय अनुदान आयोग सानोठिमीका प्रतिनिधि धनकृष्ण प्रजापतिले वागीश्वरी कलेजले आयोगको सहयोगमा शिक्षक कर्मचारीको डिजिटल क्षमता अभिवृद्धिको लागि निरन्तर कार्यक्रम सञ्चालन गर्दै आएको चर्चा गर्दै त्यसको प्रतिफल विद्यार्थीहरुमा पनि देखिएको बताए ।

वर्तमान प्रविधिको युगमा शिक्षक कर्मचारी समय सापेक्ष




अद्यावधिक हुन नसके आजको विद्यार्थीसामु नटिक्ने चर्चा गर्दै उनले युग सुहाउँदो जनशक्ति उत्पादन गर्न शिक्षकहरु पनि डिजिटल मैत्री बन्नैपर्ने उनले बताए ।

कार्यक्रममा वागीश्वरी कलेज आरएमसीका सल्लाहकार डा. बलराम दुवालले डिजिटल प्रविधि द्रुत गतिले विकास भइरहेको उल्लेख गर्दै हिजोको प्रविधिलाई आजको प्रविधिले विस्थापित गरिरहेको अवस्थामा डिजिटल शिक्षा निरन्तर सिकिरहनुपर्ने विषय बनेको र कतिपय अवस्थामा शिक्षकहरुभन्दा विद्यार्थीहरु यस मामिलामा अघि रहेका उदाहरण दिए ।

कलेजका प्राचार्य धनकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा संयोजक ज्ञानसागर प्रजापति र मानविकी इन्चार्ज राजन फेलुले पनि तालिमको औतित्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रम बैशाख १८, १९ र २० गतेसम्म भएको थियो ।

"ताजा खाऔं, स्वस्थ रहौं"
फैढोका मिट हाउस
चा.न.पा.-९, ताथली, फैढोका
☎: ५०९१६४१
विवाह, ब्रतबन्ध तथा अन्य शुभकार्यमा अर्डर बमोजिम कुखुरा तथा खसीको मासु, अण्डा, ससेज उपलब्ध गराइन्छ ।

गहुँ काट्ने....

छ। उपत्यकाभित्र शहरीकरण तीव्र हुँदै जाँदा खेतीयोग्य जमिन घट्दै गए पनि बाँकी रहेका खेतहरूमा किसानहरू गहुँ खेतीलाई निरन्तरता दिइरहेका छन् ।

नेपालमै गहुँ खेती व्यापक रूपमा फैलिएको छ । राष्ट्रिय तथ्यांक अनुसार देशभर करिब ७ लाख हेक्टरभन्दा बढी जमिनमा गहुँ खेती हुने गरेको छ, जसमा भक्तपुर जस्ता उपत्यकाका जिल्लाहरूले पनि उल्लेख्य योगदान दिँदै आएका छन् ।

भक्तपुरका किसानहरूका अनुसार यस वर्ष मौसम अनुकूल भएकाले उत्पादन सामान्यदेखि राम्रो रहेको छ। तर मलको अभाव, श्रमको बढ्दो लागत र जमिन खण्डीकरणले खेतीलाई कठिन बनाइरहेको उनीहरूको गुनासो छ ।

कृषि प्राविधिकहरूका अनुसार भक्तपुरमा गहुँको उत्पादन क्षमता राम्रो भए पनि जमिन घट्दै जानु दीर्घकालीन चुनौती हो । पछिल्ला वर्षहरूमा खेतीयोग्य जमिन आवास र प्लटिङमा रूपान्तरण हुँदै गएपछि उत्पादन क्षेत्रफल पनि क्रमशः घट्ने क्रममा छ । स्थानीय किसानहरू परम्परागत कृषि प्रणालीसँगै आधुनिक उपकरणको प्रयोग बढाउँदै गहुँ भित्र्याउने काममा जुटिरहेका छन् । खेतमा गहुँ काट्ने, थ्रेसिङ गर्ने र भण्डारण गर्ने कामसँगै गाउँघरमा अहिले कृषि चहलपहल बढेको छ ।

गहुँ काट्ने....

सुरक्षित स्थान उपलब्ध गराउने उद्देश्य मात्र हो ।'

तर स्थानीय स्तरमा भने यस निर्णयलाई लिएर मिश्रित प्रतिक्रिया देखिएको छ । केहीले सुरक्षित व्यवस्थापनको पहल सकारात्मक भएको बताएका छन् भने केहीले पूर्वतयारी र दीर्घकालीन समाधानबिना गरिएको अस्थायी व्यवस्थापनले समस्या झन् जटिल बनाउन सक्ने आशंका व्यक्त गरेका छन् ।

सरकारले भने उपत्यकाभित्र सुकुम्वासी व्यवस्थापनलाई क्रमबद्ध रूपमा समाधान गर्ने योजना अनुसार अन्य स्थानहरूको समेत अध्ययन भइरहेको जनाएको छ ।

यसअघि पनि उपत्यकाका विभिन्न स्थानमा सुकुम्वासी बस्ती व्यवस्थापनका प्रयास हुँदै आए पनि दीर्घकालीन समाधान नहुँदा समस्या दोहोरिँदै आएको देखिन्छ । हाल खरिपाटीस्थित अस्थायी व्यवस्थापन केन्द्रमा थप पूर्वाधार र सेवा विस्तारका विषयमा पनि छलफल भइरहेको जनाइएको छ ।

# झिलिमिली गाउनमा सजिए युकेजी उत्तीर्ण बिमल मेमोरियलका विद्यार्थी




भक्तपुर । सूर्यविनायक नगरपालिका वडा नं. १०, चित्तपोलस्थित बिमल मेमोरियल विद्यापीठमा Pre–School Graduation and Prize Distribution Ceremony-२०८३ भव्य रूपमा सम्पन्न भएको छ।

१४ वैशाख २०८३ मा आयोजित कार्यक्रममा युकेजीबाट कक्षा १ मा उत्तीर्ण ससाना विद्यार्थीहरूलाई हरियो र पहेँलो रङका आकर्षक गाउन तथा विद्यालयको लोगो अंकित पोशाक लगाएर दीक्षित गरिएको थियो । गाउन लगाउन पाउँदा विद्यार्थीहरू निकै उत्साहित र दङ्ग देखिन्थे । विद्यालयका प्रिन्सिपल कुमार थापामगरले विद्यालयले पहिलोपटक यस्तो दीक्षान्त कार्यक्रम आयोजना गरेको जानकारी दिँदै यसले विद्यार्थीहरूको मनोबल वृद्धि गर्ने विश्वास व्यक्त गरे। उनले नयाँ शैक्षिक सत्र२०८३ देखि अध्ययनसँगै अतिरिक्त क्रियाकलापलाई समेत प्राथमिकता दिइने बताए । सोअनुसार 'डान्सिङ स्टार' र 'सिङ्गिङ आइडल' प्रतियोगिता सञ्चालन गरिने, दुई कक्षालाई स्मार्ट कक्षाको रूपमा विकास गरिने तथा अङ्ग्रेजी भाषा सुधार कक्षा सञ्चालन गरिने योजना रहेको जानकारी दिए । साथै अभिभावकका गुनासोहरू नियमित रूपमा सुनुवाइ गर्ने प्रतिबद्धता पनि जनाए।

कार्यक्रमका प्रमुख अतिथि सूर्यविनायक नगरपालिका वडा नं. १० का वडा अध्यक्ष शिवराम राउतले विद्यार्थीहरूको उज्ज्वल भविष्यको कामना गदै विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिए।

विशेष अतिथिका रूपमा इप्सन भक्तपुरका अध्यक्ष जी.बी. खड्का र चाँगुपत्र मासिक तथा भक्तपुर टाइम्सका हरिसुन्दर छुकांको उपस्थिति रहेको थियो।





त्यसैगरी, शिक्षक अभिभावक संघका अध्यक्ष विश्वराम खत्रीले विद्यालयले विद्यार्थीको सिकाइलाई लक्षित गर्दै विभिन्न सिर्जनात्मक गतिविधि सञ्चालन गरिरहेको उल्लेख गरे।

कार्यक्रमको सभापतित्व विद्यालय सञ्चालक समितिका अध्यक्ष इन्जिनियर कमल कार्कीले गरेका थिए । स्वागत मन्तव्य शिक्षक सीता घिमिरेले राखेकी थिइन्।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुन अधिकारी, सदस्यहरू ईश्वर खत्री, संगिता खत्री, परशुराम बस्नेत, शिक्षक अभिभावक संघका पदाधिकारी र शुभचिन्तकहरूको उल्लेख्य सहभागिता रहेको थियो।

उद्घोषणको जिम्मेवारी भावना श्रेष्ठ र अम्बिका देउजाले सम्हालेका थिए । कार्यक्रममा नर्सरीदेखि कक्षा ९ सम्मका विद्यार्थीहरूलाई GPA का आधारमा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्नेहरूलाई पुरस्कार तथा मेडल वितरण गरिएको थियो । साथै २५१ शैक्षिक दिनमध्ये २५१ दिन नै पूर्ण उपस्थिति जनाउने चार जना विद्यार्थीहरूलाई Most Punctual को रूपमा विशेष सम्मान गरिएको थियो।

कार्यक्रममा विद्यार्थीहरूले आकर्षक नृत्य प्रस्तुत गरी कार्यक्रमलाई थप रोचक बनाएका थिए।




## चाँगुनारायण राष्ट्रिय ट्रेल रन : राजन र सुनमाया च्याम्पियन



भक्तपुर।चाँगुनारायणक्षेत्रमा आयोजित चाँगुनारायण राष्ट्रिय ट्रेल रन प्रतियोगितामा खुला ३६ किलोमिटर दूरीतर्फ पुरुषमा राजन रोकाया र महिलातर्फ सुनमाया बुढाले उपाधि जितेका छन्।

नेपाल एडभेन्चर रनिङ महासंघ (एनएआरएफ) को आयोजनामासम्पन्नप्रतियोगिताअन्तर्गत जुनियर यु-२० तर्फ ७ किलोमिटर दूरीको पुरुषमा उत्तम तामाङ र महिलामा शर्मिला गोले प्रथम भएका छन्।

प्रतियोगिताका विजेताहरूलाई बागमती प्रदेशका पर्यटन तथा संस्कृति मन्त्री सुरेश श्रेष्ठ, मन्त्रालयका सचिव दिपेन्द्र सुवेदी, राष्ट्रिय खेलकुद परिषद् (राखेप) कार्यकारी समितिका सदस्य भानबहादुर चन्द, सदस्यहरू जगतसिंह धामी र सन्तकुमार मेहता, राखेपका पूर्व सदस्य सम्पन्न श्रेष्ठ, आयोजक महासंघका अध्यक्ष एकेन्द्र कुँवर तथा नेपाल फुल कन्ट्याक्ट कराते महासंघका अध्यक्ष सूर्यबहादुर बुढाथोकीलगायतले एक कार्यक्रमका बीच पुरस्कार तथा सम्मान प्रदान गरेका थिए।

प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पदाले भरिपूर्ण चाँगुनारायण क्षेत्रमा आयोजित यस ट्रेल रनले खेल पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास आयोजकले व्यक्त गरेका छन्।

पुस्तक चर्चा


# आगोका अक्षरहरुको आदर्श

डा. राजेन्द्र कोजू बहुमुखी व्यक्तित्वका रुपमा आफूलाई प्रस्तुत गरिरहेका छन् । उनी शिक्षासित सम्बन्धित त छँदै छन्, समय मिलाएर सिर्जनाकर्ममा पनि त्यत्तिकै सक्रिय रहेका पाइन्छन् । उनी टेलिभिजन कार्यक्रम चलाउँछन्, अध्यापन गर्छन्, विद्यालय व्यवस्थापन गर्छन् र प्रधानाध्यापक भएर प्रशासनिक कार्य गर्छन् । यात्रावलोकनमा निकै अभिरूचि राख्ने कोजू त्यही भएर कवि राजेन्द्र कोजू बनेका छन् । अहिलेसम्म उनले ६ वटा साहित्यक पुस्तक प्रकाशित गरेका छन् भने गणितका ३ वटा पाठ्यपुस्तकसमेत बाहिर ल्याएका छन् । राजनीतिसँग पनि निकटता राख्ने कवि राजेन्द्र सांस्कृतिक फाँटमा समेत सक्रिय देखिन्छन् । व्यावहारिक मिलनसारितामा रमाउने कवि कोजू सिर्जनामा वाचाल देखिन्छन् । अहिलेसम्म प्रकाशित उनका ६ वटा साहित्यिक कृतिहरु यस प्रकार छन् :

क. घोडा उसको कि ऊ घोडाको (कवितासङ्ग्रह)
ख. विशेषणमा बाँचेको देश (कवितासङ्ग्रह)
ग. हृदयका प्रतिविम्ब (संयुक्त कवितासङ्ग्रह)
घ. चित्र र चरित्र (कवितासङ्ग्रह)
ङ. इमानको धरहरा (कवितासङ्ग्रह)
च. निर्भीक आवाजहरु (निबन्धसङ्ग्रह)

अहिले कवि राजेन्द्र कोजू 'आगोका अक्षरहरु' कवितासङ्ग्रह लिएर हामीमाझ उपस्थित भएका छन् । यसमा सङ्गृहीत कविताहरुको समग्र अध्ययन गर्दा एउटा तीव्र राजनीतिक-सामाजिक चेतना, आक्रोश, निराशा र प्रतिरोधको स्वर एकसाथ उभिएको देखिन्छ । कविताहरु केवल सौन्दर्यको खोजीमा सीमित छैनन्, ती समयको साक्षी बनेर उभिएका छन् । यहाँ कवि सत्ता, साम्राज्यवाद, दलाल पूँजीवाद, नेतृत्वको विचलन, जनताको पीडा, युवाको आक्रोश, आदर्शको स्खलन र मानवीय सम्बन्धका सूक्ष्म संवेदनाहरुलाई समानान्तर रुपमा समेट्छन् । यस अर्थमा यी कविताहरु कविता मात्र होइनन्, सामाजिक दस्तावेजजस्तै लाग्छन्, जहाँ भावुकता र वैचारिकतासँगसँगै हिँडिरहेका छन् ।

विषयवस्तुको दृष्टिले हेर्दा कविताहरुको मूल केन्द्र राजनीति र सत्तासंरचनामै केन्द्रित छ । 'नाङ्गो साम्राज्यवाद', 'नक्कली नाग', 'राजनीतिक व्यापार', 'लासको राजनीति', 'नोकरसाही सौन्दर्य', 'फेरियो घोडा', 'मानिस घोडा' जस्ता कविताहरुले साम्राज्यवाद र त्यसका स्थानीय दलालहरुलाई कठोर रुपमा प्रहार गर्छन् । कविले यहाँ प्रत्यक्ष आरोपको भाषा प्रयोग गरेका छन् । कुनै




घुमाउरो सङ्केतभन्दा पनि स्पष्ट नामकरण, उपमा र प्रतीकमार्फत सत्ता संरचनाको नाङ्गोपन देखाइएको छ । यस्तो स्पष्टताले कहिलेकाहीँ कवितालाई घोषणापत्रजस्तो बनाउने जोखिम पनि बोकेको हुन सक्छ, तर यही स्पष्टतामा कविको इमानदारी र आक्रोशको तीव्रता देखिन्छ ।

भावगत रुपमा यी कविताहरु आक्रोश, पीडा, विडम्बना, व्यङ्ग्य र कहिलेकाहीँ करुणामा डुबेका छन् । 'आमा ! म आज राति सुतूँ कि जाग्राम बसूँ ?' भन्ने पङ्क्तिबाट सुरु हुने भय र असहायताको भाव होस्, वा 'मेरा नेता महान् हुनुहुन्छ' भन्ने व्यङ्ग्यात्मक पुनरूक्ति होस्, यी सबै भावहरु पाठकको संवेदनामा चस्स हुन्छन् । कवि कराउने ठाउँमा कराएका छन्, रोइरहने ठाउँमा रोएका छन्, र व्यङ्ग्य गर्नुपर्ने ठाउँमा निर्भीक भएर व्यङ्ग्य गरेका छन् । भावनाको यो प्रामाणिकता कविताको सबल पक्ष हो ।

कवित्वका हिसाबले यी कविताहरु परम्परागत लयात्मक सौन्दर्यभन्दा बढी वैचारिक कवित्वतर्फ उन्मुख छन् । धेरै कवितामा धेरै नघुमाइएको संरचना देखिन्छ, केही पुनरावृत्ति, प्रश्नोत्तर शैली, आवेगपूर्ण सम्बोधन र आदेशात्मक वाक्य । यसले कवितालाई आन्दोलनको भाषाजस्तै पनि बनाउँछ । कतिपय स्थानमा यही अभिधात्मकताले कविताको गहिराइलाई अलि सपाट बनाउँछ, तर समग्रमा यो शैली कविको उद्देश्यसँग मेल खान्छ । यी कविता चुपचाप पढेर आनन्द लिनेभन्दा पनि पाठकलाई असहज बनाउने, प्रश्न सोध्न बाध्य पार्ने खालका छन् ।

विम्ब र प्रतीकको प्रयोग कविताको अर्को उल्लेखनीय पक्ष हो । 'घोडा', 'नाग', 'बाघ', 'झिँगा र माहुरी', 'लास', 'आगो', 'धुँवा', 'चक्रव्यूह', 'नाटक' जस्ता प्रतीकहरु बारम्बार दोहोरिन्छन् । घोडा साम्राज्यवादको सेवक बनेको मानिसको प्रतीक हो, नाग आन्तरिक गद्दारको, बाघ स्वाभिमान र प्रतिरोधको, झिँगा र माहुरी नैतिक छनोटको, लास राजनीतिक स्वार्थको, आगो विद्रोह र विनाश दुवैको । यी प्रतीकहरु सजावटी छैनन्, ती कविको वैचारिक संरचनाका आधारस्तम्भजस्तै छन् । कतिपय स्थानमा प्रतीकको पुनरावृत्ति धेरै भएको अनुभूति भए पनि यसले कवितालाई एकीकृत वैचारिक संसारभित्र राखेको छ ।

शैलीगत रुपमा कवि संवादात्मक छन् । 'आमा !', 'नेताज्यू !', 'प्रधानमन्त्रीज्यू !', 'ए बाँचेका मान्छेहरु !' जस्ता सम्बोधनले कवितालाई प्रत्यक्ष भेटघाटमा गरिएको संवादजस्तो बनाएको छ । यसले पाठकलाई निष्क्रिय दर्शक होइन, प्रत्यक्ष श्रोता बनाउँछ । भाषाशैली सरल, बोलचालको नजिक र जनमुखी छ । संस्कृतनिष्ठ गाम्भीर्यभन्दा पनि सडकको भाषा, आन्दोलनको भाषा, आम मानिसको असन्तोष बोकेको भाषाले यहाँ वर्चस्व कायम गरेको छ । यही कारणले कविता सहजै बुझिन्छ, तर कतिपय ठाउँमा भाषिक तीखोपनकै कारण सूक्ष्मता हराउने खतरा पनि देखिन्छ ।


डा. राजेन्द्र कोजू

शब्दचयनमा कवि सचेत देखिन्छन् । 'दलाल', 'नोकरसाह', 'साम्राज्यवाद', 'सत्ता', 'भोट', 'सिंहदरबार', 'बुलेटप्रुफ बग्य' जस्ता शब्दहरु समय र सन्दर्भसँग प्रत्यक्ष जोडिएका छन् । यिनले कवितालाई अमूर्तभन्दा ठोस बनाउँछन् । साथै 'मुटु जल्याजस्तो छ', 'इतिहास जल्यो', 'भविष्य नजलोस्' जस्ता वाक्यांशहरुले भावनात्मक गहिराइ थपेका छन् । प्रेम र निजी संवेदनाका कविताहरु 'सरिता', 'आशाको मुस्कान', 'अन्तिम आग्रह' जस्ता कविताले भने राजनीतिक विचार र कविताबिच मानवीय सन्तुलनको काम गरेका छन् । यिनले कविलाई केवल आक्रोशित राजनीतिक वक्ता होइन, संवेदनशील मनुष्यका रुपमा पनि प्रस्तुत गर्छन् ।

समग्रमा यी कविताहरु आदर्श र यथार्थको द्वन्द्वको कथा हुन् । 'स्खलित आदर्श', 'महान् नेता', 'चरित्र' जस्ता कविताहरुमा कवि आदर्शप्रति गहिरो मोह राख्छन्, तर यथार्थले दिएको धोका पनि स्पष्ट देख्छन् । यही द्वन्द्वले कवितालाई ऊर्जा दिएको छ । घरी घरी कवि निराश छन्, तर निरुत्साहित छैनन्, आक्रोशित छन्, तर निष्क्रिय छैनन् । 'जिएर मर्ने किन', 'हारेर जित्ने म', 'नवीन सपना' जस्ता कविताहरुमा आशाको झिल्को निरन्तर बलिरहन्छ ।

अन्ततः यी कविताहरु सौन्दर्यभन्दा बढी जिम्मेवारी बोकेका कविता हुन् । यी कविता पाठकलाई सहज मात्र बनाउँदैनन्, झकझक्याउँछन्, असहज बनाएर सचेत गराउँछन्, प्रश्न गर्छन् । कतै कतै घोषणात्मकता र पुनरूक्ति देखिन्छन्, तिनमा न्यूनता ल्याउन सके कविताको कलात्मक शक्ति अझ बढ्न सक्ने सम्भावना छँदै छ तर कविको उद्देश्य विचारको आगो बाल्नु हो भन्ने बुझ्दा यो शैली स्वाभाविक देखिन्छ । समग्र रुपमा, यी कविताहरु समकालीन नेपाली समाज र राजनीतिमाथिको तीक्ष्ण, साहसी र इमानदार काव्यिक हस्तक्षेपका रुपमा उभिनेछन् ।

अन्तमा, 'आगोका अक्षरहरु' कवितासङ्ग्रह सम्पादन गर्ने अभिभारा दिएकोमा कवि राजेन्द्र कोजूप्रति आभार प्रकट गर्दछु ।

जीवनाथ अधिकारी
सिर्जनाकुञ्ज, बालकोट, भक्तपुर

## भक्तपुरमा...

खोजी क्रममा देखिएको सबैभन्दा चिन्ताजनक पक्ष अतिक्रमणको शैली हो । अब अतिक्रमण अचानक हुँदैन, बरु चरणबद्ध रूपमा हुन्छ । पहिलो चरणमा खाली पर्ती वा सार्वजनिक जग्गा पहिचान गरिन्छ। त्यसपछि सानो अस्थायी टहरा, गोदाम वा संरचना बनाइन्छ। केही समयपछि त्यसलाई विस्तार गरिन्छ र बिस्तारै “स्थायी बसोबास” को रूप दिइन्छ।

स्थानीय स्तरमा प्रभाव र पहुँच प्रयोग गरेर पछि यस्तो दाबी हुने गरेको छ, ‘हामी यहाँ पहिलेदेखि बस्दै आएका हौं ।’ चाँगुनारायणका एक स्थानीयवासी भन्छन्, ‘पहिला अस्थायी भनेर बस्छन्, पछि संरचना ठूलो बनाउँछन् । त्यसपछि राजनीतिक दबाब प्रयोग गरेर हटाउनै दिँदैनन् ।’ उनले नगरपालिकाकै प्रतिनिधिको रोहबरमा सर्जमिन समेत गरि वैधतम दिने गरेको बताए । यसरी, कानुनी रूपमा अवैध सुरु भएको प्रक्रिया समयसँगै सामाजिक रूपमा स्वीकार्य बनाइने गरेको उदाहरण प्रशस्तै रहेको स्थानीयको भनाइ छ ।

**राजनीतिक संरक्षण : आरोप मात्र कि संरचना?**

स्थानीय बासिन्दा, कर्मचारी र सरोकारवालासँगको कुराकानीमा बारम्बार उठ्ने विषय बनेको छ : राजनीतिक संरक्षण । यद्यपि कोही पनि खुला रूपमा नाम लिन तयार छैनन् । एक कर्मचारीको भनाइ यस्तो छ : ‘कतिपय ठाउँमा स्पष्ट अतिक्रमण देखिन्छ, तर माथिबाट फोन आउँछ, ‘नछुनुस्’ भन्ने दबाब हुन्छ।’ अर्का स्थानीय अगुवाको भनाइ अझ गम्भीर छ, ‘पार्टीको झण्डा टाँगियो भने त्यो ठाउँमा कसैले हात हाल्न सक्दैन ।’ यी भनाइहरूलाई संरचनागत ढाँचामा बुझ्ने हो भने, अतिक्रमण व्यक्तिगत नभई संरक्षित र संगठित प्रक्रिया बन्न थालेको देखिएको छ ।

**चारै नगरपालिकामा फैलिँदो समस्या**

यो समस्या चाँगुनारायणमा सीमित छैन । भक्तपुर जिल्लाका चारै स्थानीय तहमा यसको फरक-फरक स्वरूप देखिन्छ । सूर्यविनायक नगरपालिकामा अवैध प्लटिङ, वन क्षेत्र अतिक्रमण, नयाँ बस्ती विस्तारको नाममा जमिन अतिक्रमण बढ्दो छ । यसैगरी मध्यपुर थिमी नगरपालिकाका नदी किनार, खोल्साखोल्सी तथा गुठी जग्गा कब्जा गर्ने गरिएको देखिएको छ । भक्तपुर नगरपालिकामा साना खुला सार्वजनिक क्षेत्र क्रमशः हराउँदै गएको छ । वर्षौंदेखि सार्वजनिक जग्गा कब्जा गरिरहेकाहरूको संख्या उल्लेख रहेको स्थानीय बताउँछन् । चाँगुनारायण नगरपालिकामा पर्ती जग्गा कब्जा, अस्थायी संरचना विस्तार दोब्बर भएको देखिएको छ । यसरी हेर्दा नगरपालिकापिच्छे अतिक्रमणको शैली फरक भए पनि प्रवृत्ति एउटै छ, कमजोर नियन्त्रण र तत्काल कारबाहीको अभाव ।

**संस्थागत कमजोरी : कागजमा नीति, व्यवहारमा मौनता**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०८३/०१/१७ मा जारी गरेको परिपत्रमा स्थानीय तहलाई स्पष्ट निर्देशन दिएको छ । निर्देशनमा अतिक्रमण पहिचान गर्ने, सुकुम्बासी व्यवस्थापन गर्ने, अतिक्रमण हटाउने, नियमित अनुगमन गर्न भनेको छ तर स्थानीय पालिकाहरूले भने यस विषयमा ठोस कदम चाल्न सकेका छैनन् । स्थानीय तहका कर्मचारीहरूका अनुसार, यी निर्देशन व्यवहारमा लागू गर्न निकै कठिन छ । एक स्थानीय कर्मचारी भन्छन्, ‘निर्देशन आउँछ, तर कार्यान्वयन गर्दा राजनीतिक र सामाजिक दबाब अत्यधिक हुन्छ ।’ यसले नीति र व्यवहारबीचको ठूलो खाडल उजागर गर्छ । स्थानीय तहहरूले बेलाबेलामा विभिन्न चेतावनीमूलक सूचना प्रकाशित गरे पनि त्यो चेतावनी पत्रको मसीजस्तै सुक्ने गरेको छ ।

**अतिक्रमण किन रोकिन सकेन ?**

भक्तपुरमा बढ्दो पर्ती जग्गा अतिक्रमणको विश्लेषण गर्दा निम्न कारणहरू प्रमुख रूपमा देखिन्छन् । एकीकृत अभिलेखको अभाव : जग्गाको स्पष्ट डिजिटल र भौतिक रेकर्ड छैन । संस्थागत समन्वय कमजोर : नापी, मालपोत, प्रशासन र स्थानीय तहबीच तालमेल अभाव । कानुनी प्रक्रिया ढिलो : अतिक्रमण हटाउने प्रक्रिया जटिल र लामो । राजनीतिक हस्तक्षेप : कार्यान्वयनमै अवरोध । शहरी विस्तारको दबाब : जनसंख्या र आवास माग तीव्र ।

**नदी, गुठी र खुला क्षेत्र संकटमा**

भक्तपुरजस्तो ऐतिहासिक सहरमा अतिक्रमण जमिनको मुद्दा मात्र होइन । यसले प्रत्यक्ष रूपमा गुठी परम्परा, खुला सार्वजनिक स्थान, नदी तथा खोला प्रणाली, वन पर्यावरण, सांस्कृतिक संरचनाजस्ता विषयलाई बढी असर गरिरहेको छ । विशेषगरी गुठी जग्गा र सार्वजनिक खुला क्षेत्र क्रमशः घट्दै जाँदा भविष्यमा शहरको ‘सास फेर्ने ठाउँ’ नै हराउने खतरा देखिन्छ।


भक्तपुरमा पर्ती तथा सार्वजनिक जग्गा अतिक्रमण भूमि विवाद होइन, यो सुशासन, शहरी योजना र सार्वजनिक सम्पत्तिको भविष्यसँग जोडिएको गम्भीर संकट हो । यदि अहिले नै ठोस कदम चालिएन भने सार्वजनिक खुला क्षेत्र लगभग समाप्त हुने, अव्यवस्थित र अनियन्त्रित बस्ती विस्तार, पूर्वाधार विकासमा दीर्घकालीन अवरोध, सांस्कृतिक र ऐतिहासिक संरचनामा असर जस्ता परिणाम देखिन सक्छन् ।

सरकारको नीति, स्थानीय तहको कार्यान्वयन क्षमता, र नागरिक सचेतनालाई सँगै सक्रिय नभएसम्म समाधान सम्भव देखिँदैन । अन्यथा, “पर्ती जग्गा” भनेर चिनिने सार्वजनिक सम्पत्ति भविष्यमा कागजमा सीमित हुने खतरा अझै बढ्दै जानेछ ।


नटराज दालमोठ
Dattatry Khadya Udhyog
Ph : 01-5091664, 01-5091662


# प्रजातान्त्रिक आन्दोलनमा भक्तपुरको भूमिका

**भाग–६**



*(इतिहास विषयका उपप्राध्यापक समेत रहेका भक्तपुर कटुञ्जेका चालिसेको पुस्तक : नेपालको प्रजातान्त्रिक आन्दोलनमा भक्तपुरको भूमिका, वि.सं. २०५१ मा प्रकाशित भएको हो । हामी सो पुस्तकका अंशहरु क्रमशः प्रकाशन गर्दै जानेछौं । यसमा केही मुद्दा राक्षसलाई सम्पादन गरिएको छ । - सम्पादक)*

पुष्पराज चालिसे


नेपालको प्रजातान्त्रिक आन्दोलनमा
भक्तपुरको भूमिका
(१९९७-२०४७ वि.सं.)
-: लेखक :-
पुष्पराज चालिसे

यता पाटन र काठमाडौंमा बैशाख २३, २००४ सम्म नै सत्याग्रह चलिने रहेको थियो। अतः आन्दोलन व्यापक बन्दै गएकोले भक्तपुर लगायत अन्य दुई शहरका राजबन्दी र नयाँ राजबन्दीलाई २००४ बैशाख १७ गते श्री ३ पद्मशम्शेरको दरबार विशालनगरमा उभ्याइयो। श्री ३ पद्मशम्शेरले जुलुस निकाल्नाको उद्देश्य तथा माग बारे सोधनी गरे । काठमाडौंका सत्याग्रही टङ्कविलास वज्राचार्यले माग बारे स्पष्टिकरण दिँदै गर्दा बीचैमा कम्याण्डीङ्ग जनरल बहादुर शम्शेरले “यिनीहरूलाई काट्नु पर्छ। हुकुम होस् महाराज” भने । त्यसै बीच भक्तपुरका सत्याग्रही नारायणविलास जोशीले भने- “महाराज हुकुम बक्सियोस् म पनि काट्छु ।” अनि त के थियो र अंगरक्षकहरूले उनलाई ठोक्न सम्म ठोके । त्यसको लगत्तैपछि आजको बाह्र दिनमा सम्पूर्ण व्यवस्था मिलाई सुधारको घोषणा गर्छु भन्ने आशयको जवाफ दिई सत्याग्रहीहरूलाई छोडिदिए ।

यसरी आन्दोलनकारीसँग झुकेर सुधार गर्ने बचन श्री ३ पद्मशम्शेरबाट दिइनु अनि व्यक्तिगत रूपमा भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूलाई सुधारको घोषणा नभएसम्म आन्दोलन स्थगित गराइदिन अनुरोध गरेकाले २१ शान्तिपूर्वक नै उपलब्धी हुने आशामा ने.रा. कांग्रेसले नेपालको पहिलो जनआन्दोलनलाई स्थगन गयो ।

२००४ बैशाख महिनामा भएको सत्याग्रह नेपालको जनआन्दोलनको आधारशीला मानिन्छ । यही नै नेपालको प्रथम जनआन्दोलन थियो । यसैको परिणामस्वरूप मौखिक रूपमै भए पनि राणा शासन पहिलो पल्ट जनमतका सामू झुकेको थियो । भक्तपुरको राणा शासन विरूद्धको संघर्षको इतिहासमा यो नै पहिलो राजनैतिक गतिविधि र संघर्ष थियो । अनि यस संघर्षबाट राणा शासन तत्कालका लागि झुक्न जानाले अन्यत्र झैं यहाँका नागरिक (विशेषगरी साक्षर युवाहरू) उत्साहित बने र पछिल्ला संघर्ष तथा गतिविधिमा व्यापकरूपमा संलग्न रहे । अनि त थुप्रै परिवर्तनकारी जमात तयार भयो । एक आपसमा विचारको आदान प्रदान समेत हुन थाल्यो ।

**ग) निर्वाचित नगरपालिका :**

पद्मशम्शेरले २००३ फाल्गुण २ गते शासन सुधार सम्बन्धी जुन घोषणा गरेका थिए । त्यसमा निर्वाचित नगरपालिका सम्बन्धी कुरा पनि परेको थियो । तदनुरूप चैत्र महिनामा काठमाडौं म्युनिसिप्यालिटिको चुनाव पनि भयो काठमाडौं नगरपालिकाको निर्वाचनको केही समयपछि पाटन र भक्तपुरको नगरपालिकाको पनि चुनाव गरियो। भक्तपुरमा निर्वाचित सदस्यहरूको संख्या १० थियो । तीमध्ये केही प्रमुख सदस्यहरू यस प्रकार छन् सुरेन्द्रमान प्रधानाङ्ग ( सरकारबाट मनोनित सभापति) हर्षबहादुर प्रजापति, गोविन्दहरी जंगम, दिलबहादुर मूल, विज्ञानबहादुर मल्ल, आशालाल श्रेष्ठ, रत्नसुन्दर सैंजु आदि । २३ यो निर्वाचन नेपालको पहिलो निर्वाचन थियो साथै बढ्दो नागरिक अधिकारको आन्दोलनको एउटा उपलब्धी त छँदै थियो ।

(बाँकी अर्को अंकमा...)

प्रकाशक: निशा लागेजू । सम्पादक: राजन छुकां (हरिसुन्दर) । कार्यालय: चा.न.पा.-९, ताथली, भक्तपुर, ९८४१५६६५५६ । इमेल: weeklychangupatra@gmail .com । लेआउट: इम्प्रिन्ट डिजाइन एण्ड प्रिन्ट सोलुशन, ९८४१७५३२७९ । मुद्रक: न्यू विद्या प्रिन्टिङ्ग प्रेस, भक्तपुर